# नेपाल अपाङ्ग महिला संघ

## वार्षिक बुलेटिन

## २०२४

रजत स्मारिका २०८०

२५ वर्ष











**२५ वर्षदेखि नेपालमा अपाङ्गता भएका महिलाको अधिकारको प्रवर्द्धन गर्दै: "हाम्रो लक्ष्य सबैको लागि समावेशी भविष्य"**

# हाम्रो भनाइ



नेपाल अपाङ्ग महिला संघ अपाङ्गता भएका महिला तथा बालबालिकाको अधिकार सुनिश्चित गर्न वि.सं.२०५४ सालमा स्थापना भएको राष्ट्रियस्तरको गैरसरकारी संस्था हो । अपाङ्गता भएका महिलाद्वारा स्थापित र नेतृत्वदायी यस संस्थाले लैंगिक समानता, सामाजिक न्याय, अपाङ्गता भएका महिलाको समावेशी सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय तहदेखि संगठित गरि क्षमता बढाउँदै संघीयस्तरसम्म नीतिगत पैरवी, वकालत, कानुन कार्यान्वय र लैंगिक हिंसाविरुद्धका अभियान सञ्चालन गर्दै प्रभावितलाई न्यायमा पहुँच र राज्यका सेवा सुविधाका वारेमा जानकारी र अभिमुखीकरण गर्ने काम गर्दै आएको छ ।

अपाङ्गता भएका महिलाको शसक्तिकरण गरी आफू र आफ्नो समुदायमा महिलामाथि भइरहेको लैंगिक विभेदविरुद्ध लड्न सक्ने बनाउन संघले समुदायदेखिका अपाङ्गता भएका महिला र उनका अभिभावकलाई सञ्जालमा आबद्ध गर्दै संगठित गरि नेतृत्व तयार पार्ने काम गरिरहेका छ । संस्थाले स्थापनकालदेखि नै अधिकारमुखी अवधारणालाई प्राथमिकतामा राखी आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छ ।

निर्णायक तहमा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व गराइ उपलब्ध श्रोतमा समान पहुँच र अवसरको सदुपयोग गर्नका लागि जसको सवाल उसैको नेतृत्व भन्ने मान्यतालाई आत्मसात गर्दै संघ अपाङ्गता भएका महिलाको आन्दोलनलाई बलियो बनाउन एक कोषेढुङ्गा सावित भएको छ । अभियानको लगभग साढे दुई दशकको यात्रामा थुप्रै उपलब्धी र सफलता प्राप्त गर्न नेपाल अपाङ्ग महिला संघ सक्षम भएको छ ।

अपाङ्गता भएका महिलाको शिक्षामा पहुँच, हिंसा प्रभावित महिलाको न्यायमा पहुँच, अपाङ्गता अनुकूल पहुँचयुक्तता, बौद्धिकका साथै नेतृत्व क्षमताको विकास, स्वरोजगार बन्न उत्प्रेरित गरी आर्थिक रुपमा आत्मनिर्भर बनाउन संघले निर्वाह गरेको महत्वपूर्ण भूमिका उदाहरणीय छन् । यस्ता गतिविधिले परिवार र समाजको अपाङ्गता भएका महिलाप्रतिको दृष्टिकोण सकारात्मक वन्दै गएको छ । संस्था स्थापनाको २७ वर्षको अवधीमा संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आफ्नो उपस्थिति वढाएको छ । अन्तर्राष्ट्रियस्तरका सञ्जालहरुसँगको आवद्धता बढेको छ ।

यसबीचमा नेपाल सरकार र अन्तर्राष्ट्रिय साझेदार निकायहरूले समेत आर्थिक, प्राविधिक र विज्ञताको सहयोग, साझेदारीका कारणले संघ अहिले राष्ट्रियरुप मै एक स्थापित संस्थाको पहिचान बनाउन सफल भएको जानकारी गराउँदै हामी सबै प्रति आभार व्यक्त गर्दछौं । यसैगरि संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग गर्ने व्यक्ति र संस्थाहरू, कर्मचारी तथा सदस्यहरू र स्वयंसेवकहरूलाई पनि आगामी दिनमा समेत यस्तै हातेमालो र साझेदारीको अपेक्षा सहित धन्यवाद तथा आभार व्यक्त गर्दछौं ।

टीका दाहाल
अध्यक्ष
नेपाल अपाङ्ग महिला संघ, कालोपुल, काठमाडौं ।

# हाम्रो बारेमा




नेपाल अपाङ्ग महिला संघले देशको शहरी, ग्रामीण र दुर्गम तथा विकट क्षेत्रहरूमा रहेका अपाङ्गता भएका महिलाका लागि भएका कानुनी व्यवस्था र तीनले व्यवस्थाले प्रदान गरेका अधिकारप्रति सचेत, सक्षम र सशक्त बनाउने कार्य गर्दै आएको छ ।

यसले गर्दा उनीहरू आफूले पाउने सेवा सुविधाका बारेमा जानकार भएका छन् भने आफ्नो अधिकारका बारेमा सचेत भइ प्रयोग गर्न आफै पहल गरिरहेका छन् ।

अपाङ्गता भित्र पनि मूलप्रवाहमा आउन नसकेका जस्तै दलित, जनजाति, मधेसी, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत पूर्ण र अति असक्त अपाङ्गता भएका महिला/बालिकाको आत्मविश्वास बढाउन र आत्मसम्मानसहित जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो र यो निकै चुनौतीपूर्ण छ ।

यस परिप्रेक्ष्यमा शिक्षा, स्वास्थ्य, रोजगारी, पुनर्स्थापना र सामाजिक सुरक्षालगायतका महत्वपूर्ण सवालहरूमा वकालत गर्न नेपाल अपाङ्ग महिला संघको निकै ठुलो भूमिका निर्वाह गरेको छ ।
नेपाल अपाङ्ग महिला संघ २०५४ सालमा स्थापना भइ अपाङ्गता भएका महिलाको शसक्तिकरण, क्षमता विकास र हिंसा प्रभावित महिलाको न्यायको पहुँच सुनिश्चित गर्नका लागि वकालत, पैरवी र सचेतना जगाउने कार्यमा निरन्तर रुपमा लागि परेको छ । अपाङ्गता भएका महिलाको नेतृत्व विकास, राजनीतिलगायत राज्यका विभिन्न संरचनामा उनीहरुको सहभागिता र नेतृत्वका लागि पैरवी र वकालत तथा अपाङ्गता भएका हिंसा प्रभावित महिलाको पुनर्स्थापना र न्यायमा पहुँचका लागि अभियानहरु संचालन गर्ने कार्यलाई स्थापनाकालदेखि नै निरन्तरता दिंदै आएको छ ।

२०५४ सालदेखि अपाङ्गता भएका महिला तथा बालिकाहरूको हकहित तथा अधिकार स्थापित गर्न सक्रिय संघमार्फत सञ्चालित गतिविधिबाट चौंतिस जिल्लाका २५ हजार अपाङ्गता भएका महिला तथा बालिकाहरू लाभान्वित भएका छन् ।

## संस्थाको परिकल्पना

अपाङ्गता भएका महिला तथा बालिकाहरु समतामूलक, समावेशी तथा न्यायपूर्ण समाजमा स्वाभिमानपूर्वक जिवनयापन गरिरहेका हुनेछन् ।

## संस्थाको ध्येय

अपाङ्गता भएका महिला तथा बालिकाहरुलाई समाजका सबै क्षेत्रमा समावेशीकरण, अधिकारको व्यवस्था र उपभोगका लागि संगठित सशक्तिकरण र वकालत गर्ने ।

## संस्थाको लक्ष्य

अपाङ्गता भएका महिलाको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक अवस्थामा सकारात्मक परिवर्तन गर्नु ।



# कार्यकारी सारंश

नेपाल अपाङ्ग महिला संघले नीतिगत पैरवी र वकालतका लागि नीति निर्माताहरू, राजनीतिक दल र विभिन्न निकायका पदाधिकारीहरुसँग छलफल र अन्तर्क्रिया गर्दै आएको छ । समुदायमा अपाङ्गता भएका महिलाहरू र यही क्षेत्रका सरोकारवालासँगको अन्तर्क्रिया र छलफलबाट आएका निष्कर्ष र सुझावलाई नीतिगत पैरवीका लागि सवाल निर्माणमा संघले काम गरिरहेको छ । समुदायमा सचेतना र क्षमता अभिबृद्धि गर्ने काम संघले स्थानीय तहदेखि प्रदेश र केन्द्रसम्म गरिरहेको छ । अपाङ्गता भएका महिला र वालिकामाथि हुने हिंसा न्यूनिकरण तथा अन्त्य गर्ने, न्याय दिलाउन पहल गर्ने, महिलाहरूको नेतृत्व विकास गर्दै शिक्षा, स्वास्थ्य, तालिम, सचेतनामूलक अभियान र स्वरोजगारलाई प्राथमिकता दिई कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । साथै हिंसा प्रभावित, विभेद र अन्यायमा पारिएकाअपाङ्गता भएका महिलाको अल्पकालीन र दिर्घकालिन पुर्नस्थापना गर्ने, कानुनी सहायता र न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्यमा सहजीकरण र सहयोग पुर्‍याउँदै आएको छ ।

यो वर्ष नेपाल अपाङ्ग महिला संघले हिंसा प्रभावित महिलाको न्यायमा पहुँच बढाउनका लागि हेल्पलाइन संचालनमा ल्याएको छ ।

यी उद्देश्य पुरा गर्न संघले विभिन्न अभियान, अन्तर्क्रिया, तालिम, पैरवीहरू गर्दै आएको छ । सन् २०२४ मा नेपाल अपाङ्ग महिला संघले आयोजना गरेका विभिन्न तालिम, अन्तर्क्रिया, अभिमुखीकरण, अभियान र पैरवीका कार्यक्रमहरूमा लगभग १ हजार १ सय ३६ जना प्रत्यक्ष रुपमा सहभागी भए ।

## मुल्यमान्यता

- लैङ्गिक र सामाजिक समावेशीकरण
- अर्थपूर्ण सहभागिता
- पारदर्शिता र जवाफदेहिता
- गैरभेदभाव
- हिंसामुक्त समाज
- विविधताको सम्मान स्वीकृति

# गतिविधि

## अपाङ्गता भएका महिलाका लागि महिलावादी क्षमता अभिवृद्धि तालिम




मुख्य प्रशिक्षक संजोग ठकुरी

नेपाल अपाङ्ग महिला संघले अपाङ्गता भएका महिलाका लागि ३ दिने महिलावादी क्षमता अभिबृद्धि तालिमको आयोजना गर्‍यो ।

सीविएम ग्लोबलको सहकार्यमा गरिएको यस तालिममा गोर्खा, धादिङ, चितवन, काभ्रे र काठमाडौंमा अपाङ्गता क्षेत्रमा सक्रिय विभिन्न संस्थाका प्रतिनिधि, अपाङ्गता महिला अधिकारकर्मीहरु गरी २५ जनाको सहभागिता थियो ।

२०८०, पुष १८ देखि २० गतेसम्म संचालन गरिएको तालिमका सहजकर्ता संजोग ठकुरीले महिलावादका बारेमा अवधारणागत स्पष्टतालगायत समता र समानता, पित्तृसत्ता, अन्तर्सम्बद्धता, विश्वभर र नेपालमा महिलावादको इतिहासका विषयमा धारणागत स्पष्टतासहित छलफल र अन्तर्क्रियामार्फत जानकारी गराउनुभएको थियो । तालिममा महिलाभित्रको अन्तरसम्बद्धता, महिला आन्दोलनमा अपाङ्गता भएका महिलाको सहभागिता र नेतृत्व, अपाङ्गता आन्दोलनमा अपाङ्गता भएका महिलाको उपस्थितिलगायतका विषय जानकारी गराइएको थियो ।




अधिकारकर्मी प्रणिका कोयू प्रशिक्षण दिंदै

तालिममा सहजकर्ता प्रणिका कोयूले नेपालमा महिलावादी आन्दोलन र यसको प्रभावका बारेमा र सरिता केसीले यौनिक तथा लैङ्गिक अल्पसंख्यक, यसभित्रको विवधता र यसभित्रको पितृसत्ताका बारेमा जानकारी दिनुभएको थियो । तालिम सहभागीमूलक, समूहकार्य र व्यक्तिगत कार्यलगायतका विधिमार्फत गराइएको थियो ।

# काठमाडौंको बुढानीलकण्ठ नगरपालिकामा लैंगिक हिंसाविरुद्ध कार्यक्रमबारेमा छलफल



बुढानीलकण्ठ न पामा पैरवी गर्ने क्रममा भएका सिकाइ र अनुभव साझा गर्दै अध्यक्ष दाहाल

नेपाल अपाङ्ग महिला संघले काठमाडौंको बुढानीलकण्ठ नगरपालिकामा पैरवीको काम गर्ने क्रममा भएका सिकाइ र अनुभव आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो ।
सीवीएम ग्लोबल डिसेविलिटी इन्क्लुजनसँगको सहकार्यमा नेपाल अपाङ्ग महिला संघले सन् २०२१ देखि २०२३ सम्म बुढानीलकण्ठ नगरपालिकामा पैरवी वकालतका कार्यक्रम सञ्चालन गरेको थियो ।
संघले उक्त पालिकामा आगामी दिनमा लैंगिक हिंसाविरुद्ध कार्यक्रम गर्ने छ । संघले पैरवी वकालतका कार्यक्रम सञ्चालन गर्दा अनुभव गरेका सिकाइ र चुनौती र आगामी दिनमा गर्ने कामका लागि गर्न सकिने सहकार्यका बारेमा छलफल गर्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा बुढानीलकण्ठ नगरपालिकाका उपप्रमुख अनिता लामाले पालिकाको कार्यालयमा अपाङ्गता सहायता कक्ष स्थापना गरिएको र लिफ्टको व्यवस्था गरिने जानकारी दिनुभयो । नगरपालिकाका भित्रका १३ वटै वडा कार्यालयलाई अपाङ्गतामैत्री संरचना बनाउन निर्देशन दिएको र पालिकाभित्र अब बन्ने सबै संरचना पहुँचयुक्त र अपाङ्गतामैत्री बनाइने जानकारी उहाँले दिनुभयो ।
उक्त कार्यक्रममा वडा अध्यक्षहरुले अपाङ्गता क्षेत्रमा कार्यरत सरोकारवालहरुसँग छलफल गरेर यस क्षेत्रमा बजेट छुट्ट्याउने बताए ।



बुढानीलकण्ठ नगरपालिकाका उपप्रमुख अनिता लामा सम्बोधन गर्दै

कार्यक्रममा बुढानीलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुल्सीराम अर्यालले पालिकाभित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङक राख्न चुनौती देखिएको बताउनुभयो ।

नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष टीका दाहालले संघले पैरवी वकालत सँगसँगै आगामी दिनमा लैंगिक हिंसाविरुद्ध गरिने कार्यक्रममा नगरपालिकासँग सहकार्य गरेर अघि बढ्ने बताउनुभयो ।

छलफलमा नेपाल अपाङ्ग महिला संघकी परियोजना संयोजक गंगा देवकोटाले अपाङ्गता भएका महिलाहरूको सवालमा काम गर्ने क्रममा सन् २०२१ देखि २०२३ सम्म गरिएको परियोजनाको कार्य क्षेत्र, उपलब्धी, गतिविधिहरू, चुनौती, अपेक्षा, आगामी योजनाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## पत्रकारहरूसँग अन्तर्क्रिया

नेपाल अपाङ्ग महिला संघले अपाङ्गता भएका महिलाका सवालमा संचार माध्यमसँग छलफल गर्यो । संघले पैरवी र अन्य काम गर्ने क्रममा भएका सिकाइ र अनुभव पत्रकारहरुमाझ साझा गरेको थियो । अपाङ्गता भएका व्यक्तिले समाजमा थुप्रै विभेद र हिंसा सहनुपरेपनि उनीहरुले आफ्नो योग्यता र क्षमता पनि प्रदर्शन गरेका छन् । यस्ता विषयहरुलाई पनि संचारमाध्यम मार्फत उजागर गर्न संघका अध्यक्ष टीका दाहालले आग्रह गर्नुभयो ।



विभिन्न संचार माध्यममा आवद्ध पत्रकारसँग संघका पदाधिकारी

अपाङ्गता भएका महिलामा न्यायमा पहुँच,अस्पताललगायत सवै सरकारी निकायबाट सेवा लिन चुनौती, स्थानीय तह र पालिकाका न्यायिक समितिहरु पहुँचयुक्त नहुनु, अपाङ्गता भएका महिलाहरूलाई परिवारले नै बोझको रुपमा लिनु, क्षमता वा सीप भएपनि विश्वास नगर्नु, राज्यले सुनिश्चित गरेको ३३ प्रतिशत महिलाभित्र अपाङ्गता भएका महिला नपर्नु, सरकारले गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धता पुरा नगर्नु, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ को प्रभावकारी कार्यान्वयन नहुनु, अपाङ्गता क्षेत्रमा विज्ञहरुको अभावलगायतका समस्याहरू यस क्षेत्रमा रहेकाले यस्ता समस्याको खोजी गर्न उहाँले सुझाव दिनुभयो ।

सीवीएम ग्लोवल डिसेविलिटि इन्क्लुजनसँगको सहकार्यमा भएको उक्त कार्यक्रममा पत्रकारलगायत २७ जनाको सहभागिता थियो ।

# अपाङ्गता अधिकार सम्बन्धी कानुन कार्यान्वयनमा सांसदहरूको भूमिका विषयमा अन्तर्क्रिया

नेपाल अपाङ्ग महिला संघले 'अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी बनेका कानुन तथा नीतिहरूको कार्यान्वयनमा सांसदहरूको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।
माघ १५, २०८० मा सम्पन्न उक्त अन्तर्क्रिया कार्यक्रममा प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाका गरी पाँचजना सांसद र अपाङ्गता अधिकारमा काम गर्ने संस्थाका अगुवासहित २० जनाको सहभागिता थियो ।




अपाङ्गता अधिकारकर्मी र सांसदहरू अन्तर्क्रियामा सहभागी हुँदै

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रत्याभूति गर्न बनेका कानुन कार्यान्वयनमा सांसदहरूको भूमिका के कस्तो रहन्छ भन्ने सम्बन्धमा छलफल गर्ने उद्देश्यले नेपाल अपाङ्ग महिला संघले सिबिएम ग्लोबल डिसेबिलीटी इन्क्लुजनको सहकार्यमा सो अन्तरक्रियाको आयोजना गरेको हो ।



सांसद रोशन कार्की

अन्तरक्रियामा प्रतिनिधि सभा सदस्य रोशन कार्कीले कानुन तथा नीति बनाउने ठाँउमा अपाङ्गता भएका व्यक्तिहरू नपुगेसम्म उनीहरूको अधिकार सुनिश्चत नहुने कुरा औंल्याउनुभयो । उहाँले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक क्षेत्रमा सहभागिता रहनुपर्नेमा जोड दिनुभयो । अपाङ्गताको सवाल एकअर्कासँग अन्तरसम्बन्धित भएकाले हरेक कानुनमा यसको सम्बोधन हुनुपर्ने भन्दै उहाँले तीनवटै तहका सरकारलाई यो विषयमा संवेदनशील बनाउनुपर्नेमा जोड दिनुभयो ।
उहाँले छलफलमा रहेको निर्वाचन सम्बन्धी कानुनलाई संसोधन र एकीकरण गर्न बनेको विधेयकमा अपाङ्गताको विषय समावेश गर्न संशोधन हाल्ने र आफ्नो पार्टीमा यी विषयहरु उठाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।


सांसद नगिना यादव

त्यसैगरी प्रतिनिधी सभा सदस्य नगिना यादवले अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो अधिकार प्राप्तिका लागि काम गर्न सांसदहरूलाई बेलाबेलामा झक्झक्याई रहन पर्ने र त्यसका लागि अपाङ्गता भएका व्यक्तिहरूको एक विज्ञ समूह निर्माण गरी सो समूहमार्फत नीति निर्माता समक्ष वकालत गरिरहनु पर्ने सुझाव दिनुभयो । उहाँले संसदमा वा अन्य सार्वजनिक ठाउँमा अपाङ्गतालाई होच्याउने गरी शब्दहरु प्रयोग भएमा आफूले त्यसलाई सच्याउन अनुरोध गर्ने गरेको र उनीहरुलाई संवेदनशील बनाउने गरेको जानकारी दिनुभयो ।

अर्का प्रतिनिधी सभा सदस्य गोमा लाभ सापकोटाले कुनै पनि नीति तथा कानुन निर्माण गर्दा त्यसले कुन समुदायलाई कसरी संवोधन गर्छ भन्ने कुरामा राम्ररी सोचविचार गरेर मात्रै निर्माण गर्नुपर्ने तथा त्यसले अपाङ्गता भएका व्यक्तिहरूलगायतका पछाडी पारिएका वर्गहरूको अधिकारको सम्मान हुने गरी गर्नुपर्ने र सो को कार्यान्वयनमा पनि ध्यानदिनु पर्ने धारणा राख्नुभयो ।


राष्ट्रिय सभा सदस्य प्रकाश पन्त

अन्तरक्रियामा राष्ट्रिय सभा सदस्य प्रकाश पन्तले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित होस भन्ने उद्देश्यले नै आफूले संकल्प प्रस्ताव ल्याएको र यसको कार्यान्वयनलाई सुनिश्चित गर्न विभिन्न तहमा बाध्यकारी व्यवस्था राखेको जानकारी दिनुभयो ।

राष्ट्रिय सभामा आफ्नो ६ वर्षे कार्यकाल सकिएपनि अबका दिनमा पार्टीमार्फत नीतिगत तहमा अपाङ्गताको सवाल उठान नीति कार्यान्वयनका लागि पुलको रूपमा रही समन्वयकारी भूमिका खेल्ने प्रतिवद्धता जनाउनुभयो ।

बाग्मती प्रदेश सभा सदस्य लक्ष्मी घिमिरेले कानुनी विषयसँग सम्बन्धित यस्ता कार्यक्रमहरूमा संघीय मात्र नभएर प्रदेश सभाका सांसदहरूलाई पनि सहभागी गराउनु पर्ने सुझाव दिनुभयो ।


बागमती प्रदेश सभा सांसद लक्ष्मी घिमिरे

अन्तरक्रिया कार्यक्रममा बोल्दै अपाङ्गता अधिकारकर्मी मनिष प्रसाईंले नीति निर्माताहरुलाई अपाङ्गताका विषयमा निरन्तर सुझाव र दवाव दिन यो क्षेत्रमा एउटा विज्ञ समूह नितान्त जरुरी रहेको बताउनुभयो ।
नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष टीका दाहालले संघले नीतिगत पैरवी र वकालत निरन्तर गरिरहेको र भविष्यमा पनि सांसदहरुसँग निरन्तर अन्तर्क्रिया गरिरहने बताउनुभयो ।

अन्तरक्रियामा सहभागी अपाङ्गता अधिकारकर्मीहरुले सांसदहरुले समयसमयमा गर्नुभएका विभिन्न प्रतिवद्धताहरू पुरा गर्ने सन्दर्भमा ध्यानाकर्षण गराउँदै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्नका लागि अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी बनेका कानुन तथा नीतिहरूको कार्यान्वयनमा सांसदहरूले भूमिका खेल्नका लागि अनुरोध गरे ।

## अपाङ्गता र समावेशी विकासमा सरोकारवालाहरूसँग छलफल

नेपाल अपाङ्ग महिला संघले अपाङ्गता र समावेशी विकासमा सरोकारवालाहरुसँग छलफल गरेको छ । संघले माघ ३ गते ललितपुरमा आयोजना गरेको अन्तर्कियामा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिमाथि हुने दुर्व्यवहार, भेदभाव र उनीहरुलाई गरिने बेवास्तालाई अन्त्य गरी राजनीतिक, आर्थिक र सामाजिक विकासमा नीतिगत समावेशीका लागि आवाज उठाउनु आवश्यक रहेको बताए ।
कार्यक्रममा सहभागी सेवा प्रदायक निकायका प्रतिनिधिहरुले अपाङ्गता बारेको बुझाइमा स्पष्ट नहुँदा र उनीहरूले पाउने सेवा सुविधा र सम्बोधनमा अलमल भएका कारण अपाङ्गता समावेशीमा काम गर्न समस्या भइरहेको बताए ।



संघका उपाध्यक्ष मीना पौडेल अपाङ्गता समावेशीका बारेमा जानकारी गराउँदै

कतिपय नीति निर्माणमा बसेकाहरुको पूर्वाग्रही दृष्टिकोणका कारण पनि सेवा प्रवाहमा कठीनाइ भइरहेको जनाए । अपाङ्गता भएका व्यक्ति र सेवा पाउनुपर्नेहरूको यकिन तथ्याङ्क नहुँदा सेवा प्रवाहमा समस्या आइरहेको उनीहरूको भनाइ थियो । नगरपालिका पञ्जिकरण शाखाका अनन्त महर्जनले यो महिनादेखि अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सामाजिक सूचना व्यवस्थापन सिष्टममार्फत राख्न थालेको जानकारी दिनुभयो ।



ललितपुर महानगरपालिका महिला विकास शाखाका प्रमुख शोभा खरेल

ललितपुर महानगरपालिका महिला विकास शाखाका प्रमुख शोभा खरेलले अपाङ्गता क्षेत्रका लागि १४ लाख रुपैयाँ बजेट छुट्टयाएको जानकारी दिँदै अपाङ्गता अधिकार ऐन अनुसार पालिकाले १६ वटा प्राथमिकताका क्षेत्र तोकेर चारवर्षे कार्यायोजना बनाएको बताउनुभयो ।

कानुनी सचेतनाका लागि प्रत्येक वडालाई जिम्मेवार बनाइएको स्मार्ट शौचालय बनाउने काम भइरहेको र नगरपालिका अन्तर्गत कुसुन्तीमा बनाउन लागिएको आकाशे पुलमा लिफ्ट राख्ने जानकारी दिनुभयो ।

उहाँले पढेलेखेका व्यक्तिहरूले समेत अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरेर अपमानजनक शब्दहरू बोल्ने गरेकाले विद्यालय र क्याम्पसमा पढाउने शिक्षकलाई चेतना बढाउने काम गरेको बताउनुभयो ।

महालक्ष्मी नगरपालिकाका कार्यक्रम अधिकृत तारा कुमारी केसीले अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरणका लागि १० लाख बजेट छुट्टयाएको जानकारी दिनुभयो ।

कार्यक्रममा अन्य सरोकारवालाहरूले आफूहरू गर्दै आएका गतिविधिमा पनि अपाङ्गता समावेशी र उनीहरूका सवाल छुट्ने गरेको बताउँदै अव अपाङ्गता समावेशीतालाई ध्यान दिने बताए ।

अन्तर्क्रियामा नेपाल अपाङ्ग महिला संघका अध्यक्ष टीका दाहालले राज्यले तोकेको क्लष्टरमा अपाङ्गता समावेशीमा ध्यान दिन आवश्यक रहेकोमा जोड दिनुभयो । महिलाका लागि आएका हरेक कार्यक्रममा लैङ्गिक समानता अपाङ्गता सामाजिक समावेशीको अवधारणामा काम गर्नुपर्ने उहाँको भनाइ थियो ।

उपाध्यक्ष मीना पौडेलले अपाङ्गता समावेशी भनेको एउटा र्‍याम्प बनाएरमात्रै नहुने हरेक संरचना र सेवाहरू पहुँचयुक्त हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले समावेशितामा काम गर्दा पहुँचवालले मात्रै अवशर पाएकाले पछाडि पारिएकाहरुलाई प्रथमिकता दिनुपर्नेमा जोड दिनुभयो । अन्तर्क्रियामा स्थानीय पालिकाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गरेका संघसंस्थाका प्रतिनिधिलगायत ३५ जनाको सहभागिता थियो ।

**के तपाईंमाथि हिंसा भई रहेको छ?**

**या तपाईंको छरछिमेकमा वा चिन्ने कसैलाई हिंसा भएको थाहा पाउनु भएको छ ?**

**छ भने हामीलाई सम्पर्क गर्नुहोस् ।**

**अपाङ्गता भएका महिला तथा बालिका विरुद्ध हुने लैंगिक हिंसा सम्बन्धी घटनाको जानकारी तथा सल्लाह-सुझावको लागि टोल फ्री हेल्पलाइन नम्बर**

**९८०१५७१२२५**

# सामाजिक लेखा परीक्षण



सामाजिक लेखा परिक्षणमा विचार राख्दै सीविएम ग्लोवलका कार्यक्रम अधिकृत विमल पौडेल

नेपाल अपाङ्ग महिला संघले संस्थाको सामाजिक लेखा परीक्षण गरेको छ ।
संस्थाले गरेका वर्षभरी गरेका पैरवी वकालत क्षमता अभिबृद्धि र अभियानका बारेमा संस्थाका महासचिव देव कुमारी पराजुलीले जानकारी दिनुभएको थियो भने संस्थाको खर्च र आम्दानीका बारेमा प्रशासन तथा लेखा सहायक तुलसी थापाले प्रस्तुत गर्नुभएको थियो ।
सामाजिक लेखा परिक्षण कार्यक्रममा परामर्शकर्ता लुभराज न्यौपानेले संस्थाको सुशासनलगायत संस्थाका आन्तरिक नीतिलगायत समग्र संस्थाको मुल्याङ्कन गरी सुझावहरु प्रस्तुत गर्नु भएको थियो ।

सो कार्यक्रममा नेपाल अपाङ्ग महिला संघलाई संस्थागत विकासलगायत अन्य विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि सहकार्य गरिरहेको संस्था सिबिएम ग्लोबल डिसेबिलीटी इन्क्लुजनका परियोजना अधिकृत बिमल पौडेलले अबका दिनमा यस संस्थाले अपाङ्गताभित्रको विविधतालाई ध्यानमा राख्दै न्यून प्रतिनिधित्व भएका समूहहरूलाई केन्द्रित गरेर संस्थाका गतिविधिहरू सञ्चालन गर्नु आवश्यकता रहेको औंल्याउनुभयो ।

कार्यक्रममा सहभागी अन्य संघसंस्थाका प्रतिनिधिले अव आउँदा दिनमा संघले प्रमाणमा आधारित पैरवी गर्न सुझाव दिएका थिए । नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष टीका दाहालले सामाजिक लेखा परिक्षणका क्रममा आएका सुझावहरूलाई मध्येनजर गरेर संवोधन गरिने बताउनुभयो ।

२०५४ साल देखि अपाङ्गता भएका महिला तथा बालिकाहरूको हकहित तथा अधिकार स्थापित गर्न सक्रिय संघमार्फत सञ्चालित गतिविधिबाट चौतिस जिल्लाका लगभग पच्चीस हजार अपाङ्गता भएका महिला तथा बालिकाहरू लाभान्वित भएका छन् ।

# विश्व सामाजिक मञ्चमा नेपाल अपाङ्ग महिला संघ

राज्यद्वारा प्रवाह गरिएका सेवा विना अवरोध लिन पाउने वातावरण बनाउनका लागि सवै मिलेर काम गर्नुपर्ने उनीहरुको भनाइ थियो । कार्यक्रममा इण्टरनेश्नल कमिसन अफ जुरिष्टका करुणा पराजुलीले अपाङ्गता भएका महिलाले सहयोगीसहितको निर्णय पद्धती लागि सहयोगीसहितको निर्णय प्रक्रिया हुनुपर्ने अनिवार्य हुनुपर्ने बताउनुभयो ।
महिला अधिकारकर्मी श्याम साहले भन्नुभयो "विकासमा अपाङ्गता भएका व्यक्तिलाई कसरी जोड्ने ताकि हरेक विकासका संरचना पहुँचयुक्त हुनु"।



विश्व सामाजिक मञ्चको सन्दर्भमा आयोजित प्यानल छलफलका अतिथिहरू



विश्व सामाजिक मञ्चको सन्दर्भमा आयोजित प्यानल छलफलमा सहभागी

नेपाल अपाङ्ग महिला संघले विश्व सामाजिक मञ्चमा सक्रिय रुपमा भाग लियो । फागुन ३ फेब्रुअरी १५ देखि फागुन ७ फेब्रुअरी १९ सम्म काठमाडौंमा भएको विश्व सामाजिक मञ्चमा संघले एउटा अन्तर्क्रिया सत्र सञ्चालन गर्‍यो ।

हिंसा प्रभावित अपाङ्गता भएका महिला र बालिकाको न्यायमा पहुँचको अवस्था र अवरोधका विषयमा भएको अन्तरक्रियाका प्यानलिष्टहरुले हिंसा प्रभावित अपाङ्गता भएका महिलाका मुद्दा उनीहरुकामात्रै नभएर सवैको हुनुपर्नेमा जोड दिए ।

यौनिक तथा लैंगिक अल्पसंख्यक अधिकारकर्मी लक्ष्मी घलानले सवै मुद्दाहरुलाई साझा मुद्दा बनाएर अघि बढ्नुपर्ने बताउनुभयो । अन्तरपुस्ता महिलावादी सञ्जालकी इन्दु पन्त घिमिरेले अपाङ्गता जटिल विषय भएकाले अन्तरसम्वद्धतामा धेरै काम गर्नुपर्नेमा जोड दिनुभयो । सीवीएम ग्लोवलका कार्यक्रम अधिकृत विमल पौडेलले लैङ्गिक हिंसामा धेरै कामहरु प्रतिक्रयात्मक भएकाले अव परिवर्तनकारी कामका लागि प्रणालीगत अवरोधमा काम गर्न जरुरी रहेको औंल्याउनुभयो ।

कार्यक्रममा संघका उपाध्यक्ष मीना पौडेलले नेपाल अपाङ्ग महिला संघले अपाङ्गता भएका महिला र वालिकाको न्यायमा पहुँचका बारेमा गरेको अध्ययन प्रस्तुत गर्नुभएको थियो । अर्को विश्व सम्भव छ भन्ने नारासहित २० वर्षपछि एशियामा विश्व सामाजिक मञ्चको आयोजना गरिएको हो । यसअघि सन् २००४ मा भारतको मुम्बइमा आयोजना भएको थियो ।

## ८ मार्चका अवसरमा सम्मान



सम्मान ग्रहण गर्दै दिपा देवकोटा

जिल्ला समन्वय समिति सिन्धुलीले नेपाल अपाङ्ग महिला संघ सिन्धुलीका अध्यक्ष दिपा देवकोटालाई सम्मान गरेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न निरन्तर लागेको भन्दै अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ८ मार्चका अवशरमा समितिले उहाँलाई सम्मान गरेको हो ।

# अपाङ्गता भएका महिला तथा बालिकाविरुद्ध हुने हिंसाविरूद्ध परियोजना




विस्तृत कार्ययोजना तयार गर्न आयोजित कार्यशालामा सीविएम ग्लोवलका कार्यक्रम अधिकृत रीता गौतम

नेपाल अपाङ्ग महिला संघले CBM Global Nepal को साझेदारीमा अपाङ्गता भएका महिला तथा बालिकाविरुद्ध हुनेहिंसा Sexual and Gender Based Violence-SGBV अन्त्यको लागि सन् २०२४-२०२७ सम्म बुढानिलकण्ठ नगरपालिका र तारकेश्वर नगरपालिकामा मे, २०२४ देखि “Action for Justice” परियोजना सञ्चालन गरेको छ । उक्त परियोजना अन्तर्गत हिंसा प्रभावित अपाङ्गता भएका महिलाको न्यायका लागि काम गर्न संघले आगामी ४ वर्षका लागि विस्तृत कार्ययोजना तयार पारेको छ ।

नेपाल अपाङ्ग महिला संघले बुढानीलकण्ठ र तारकेश्वर नगरपालिकामा औपचारिक रुपमा लैंगिक हिंसाविरुद्धको परियोजना कार्यान्वयन सुरु गरेको छ । संघले बुढानीलकण्ठ र तारकेश्वर नगरपालिकामा जनप्रतिनिधि र पालिकाका कर्मचारीहरूका लागि छुट्टाछुट्टै परियोजना परिचयात्मक कार्यक्रमको आयोजना गर्‍यो ।
तारकेश्वर नगरपालिकामा सम्पन्न परियोजना परिचयात्मक कार्यक्रमको प्रमुख अतिथि प्रमुख कृष्णहरि महर्जन र बुढानीलकण्ठ नगरपालिकामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि उपप्रमुख अनिता लामा हुनुहुन्थ्यो ।




तारकेश्वर नगरपालिकाका प्रमुख कृष्णहरि महर्जन परियोजना परिचयात्मक कार्यक्रममा सम्बोधन गर्दै




बुढानीलकण्ठ नगरपालिकाका उपप्रमुख अनिता लामा परियोजना परिचयात्मक कार्यक्रममा सम्बोधन गर्दै

तारकेश्वर नगरपालिकामा सम्पन्न परियोजना परिचयात्मक कार्यक्रममा बोल्दै प्रमुख कृष्णहरि महर्जनले लक्षित वर्ग र सिमान्तकृत समुदायको जीवन परिवर्तन गर्न यस परियोजना सफल बन्न सक्ने बताउनुभयो । उहाँले नगरपालिकाका सम्वन्धित शाखासँग समन्वय गरेर काम गर्न अनुरोध गर्दै नगरपालिकाको पूर्ण साथ र सहयोग रहने बताउनुभयो ।
तारकेश्वर नगरपालिकाका उपप्रमुख सिर्जना बुर्लाकोटीले नगरपालिकाले अपाङ्गता भएका व्यक्तिलाई घर घर मै गएर परिचयपत्र वितरण गर्ने गरेको जानकारी दिँदै यसक्रममा अति गम्भीर प्रकारको अपाङ्गता भएपनि नीलो रङको परिचयपत्र पाएका अपाङ्गता भएका व्यक्तिलाई उनीहरुले पाउँदै आएको सेवा सुविधामा थपेर दिने गरेको बताउनुभयो । उहाँले यो परियोजनाले अपाङ्गता भएका हिंसा प्रभावित महिलाको न्यायमा पहुँच पुग्न सघाउने भन्दै कार्यक्रम सफल बनाउन पुरै सहयोग रहने प्रतिवद्धता जनाउनुभयो ।



बुढानीलकण्ठ नगरपालिकामा आयोजित योजना परिचयात्मक कार्यक्रममा सहभागी



तारकेश्वर नगरपालिकामा आयोजित योजना परिचयात्मक कार्यक्रममा सहभागी

यसैगरी बुढानीलकण्ठ नगरपालिकामा आयोजित परियोजना परिचयात्मक कार्यक्रममा बोल्दै उपप्रमुख अनिता लामाले लक्षित समूहको जीवनमा परियोजनाले सकारात्मक प्रभाव पार्नुपर्नेमा जोड दिनुभयो । उहाँले नगरपालिकाले कार्यक्रमलाई सहज रुपमा संचालन गर्न पुर्णरुपमा सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाउनुभयो । उक्त कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुल्सीराम अर्याल, पालिकाका सवै शाखा प्रमुखहरु, अपाङ्गता समन्वय समितिका सदस्य, बुढानीलकण्ठ नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरु, नेपाल अपाङ्ग महिला संघका पदाधिकारी र कर्मचारी गरी ४२ र तारकेश्वर नगरपालिकाका वडा अध्यक्षहरु, कर्मचारी,अपाङ्गता अधिकारकर्मी, संघका पदाधिकारी र कर्मचारी गरी ४६ गरी ८८ जनाको सहभागिता थियो ।

## लैंगिक हिंसा सम्बन्धी तीनदिने क्षमता अभिवृद्धि तालिम

यही परियोजना अन्तर्गत संघले २०८१ असारको १६ देखि १८ गतेसम्म तीनदिने क्षमता अभिबृद्धि तालिमको आयोजना गर्यो । यौन तथा लैंगिक हिंसा प्रतिकार्य, सहयोगी सहितको निर्णय पद्धति तथा न्यून प्रतिनिधित्व भएका समूहको समावेशिता सम्बन्धी ३-दिने क्षमता अभिवृद्धि सम्बन्धी तालिममा न्यून प्रतिनिधित्व अपाङ्गता समूहको पहिचान र अधिकार, अपाङ्गता समावेशीकरण, लैंगिक हिंसाको अवधारणा, प्रकार र अपाङ्गताको अवधारणा र हिंसाविरुद्ध प्रतिकार्य, अपाङ्गता भएका महिला तथा बालिकाहरू र यौन तथा लैंगिक हिंसामा केन्द्रित UNCRPD

का प्रावधानहरू, न्यायमा पहुँच, घटना व्यवस्थापन, अपाङ्गता भएका महिलाको नेतृत्व विकास, न्यून प्रतिनिधित्व भएका व्यक्तिहरू: सामाजिक न्याय र सामुदायिक सहायतालगायतका विषयमा विभिन्न विज्ञले सत्र सञ्चालन गरेका थिए । तालिममा अन्तरक्रिया समूहकार्य, प्रस्तुतीलगायतका विधि अपनाइएको थियो । तालिममा सहभागीहरुले लैंगिक हिंसा र समावेशीकरण न्यून प्रतिनिधित्व भएका समुदाय र उनीहरुको स्वनिर्णयको अधिकारलगायतका बिषयमा जानकारी प्राप्त गरेका थिए ।



क्षमता अभिबृद्धि तालिम

तालिममा नेपाल अपाङ्ग महिला संघको कार्यसमितिका सदस्य, कर्मचारीहरु,स्ववकालतकर्ता, अपाङ्गताको क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधि गरी ३२ जना महिलाको सहभागिता थियो ।

# सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार ऐनको पुनरावलोकन

नेपाल अपाङ्ग महिला संघले युएनडिपीसँगको साझेदारीमा समीक्षा र पुनरावलोकन गरेको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को बिभिन्न सरोकारवाला माझ चरणबद्ध रुपमा छलफल गर्यो । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन २०७५ को अपाङ्गता भएका महिलाहरूको दृष्टिकोणबाट पुनरावलोकन गरि उक्त ऐनको तीन महले अपाङ्गता अधिकारमा काम गर्ने संघ संस्थाका प्रतिनिधि कानुनविज्ञ, प्रदेश तथा संघीय सांसदहरुबीच विभिन्न चरणमा छलफल गरी अन्तिम रुप दिइएको थियो ।

अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूका लागि स्वास्थ्य संस्थाका भौतिक संरचना र सेवा सुविधा, अस्पतालका कर्मचारी र स्वास्थ्यकर्मीहरु अपाङ्गता सम्वेदनशील नहुँदा सेवा लिने क्रममा समस्या आउने गरेको साथै सूचना तथा सञ्चार पहुँचयुक्त नहुँदा यौन तथा प्रजनन स्वास्थ्यको अधिकारको प्रयोगबाट वञ्चित भएको अनुभव साझा गर्दै यी समस्यामा काम गर्नु जरुरी रहेको बताएका थिए ।



सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को तीन महलेमा सुझाव लिने क्रममा सांसदहरु

नेपालमा मातृ मृत्युदर, प्रजनन स्वास्थ्य, प्रजनन स्वास्थ्यमा नेपालको अवस्था, अपाङ्गता भएका महिलाहरूको प्रजनन अवस्था, नेपालको संविधान २०७२ को धारा ३८ ले गरेको व्यवस्था, प्रत्येक महिलाले पाउनुपर्ने यौन तथा सुरक्षित मातृत्वको अधिकारलगायतका विषय स्वास्थ्यको अधिकारका व्यवस्थाले अपाङ्गता भएका महिलाका विषयलाई कति र कसरी समेटेको छ भन्ने विषयमा विश्लेषण गरी तीन महलेमा समेटिएको छ । साथै अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूका लागि स्वास्थ्य संस्थाका भौतिक संरचना र सेवा सुविधा, सूचना तथा सञ्चार पहुँचयुक्त नहुँदा यौन तथा प्रजनन स्वास्थ्यको अधिकारको प्रयोगबाट वञ्चित भएको कुरा अपाङ्गता अधिकारकर्मीले उठाएका थिए ।

एक अध्ययन अनुसार ५० प्रतिशत भन्दा बढी अपाङ्गता भएका किशोरीहरू अझैपनि आवश्यकता अनुसारको गर्भ निरोधक साधन पहुँच भन्दा बाहिर रहेको देखिएको छ । कार्यक्रममा अपाङ्गता भएका महिलाको सहमतिविना अभिभावकले परिवार नियोजनका साधनहरु लगाइदिने गरेको बताइएको थियो ।



सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनको समीक्षाको अन्तिम मस्यौदा सार्वजनिककीकरण समारोहमा सरोकारवालाहरू

साथै अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूका लागि स्वास्थ्य संस्थाका भौतिक संरचना र सेवा सुविधा, सूचना तथा सञ्चार पहुँचयुक्त नहुँदा यौन तथा प्रजनन स्वास्थ्यको अधिकारको प्रयोगबाट वञ्चित भएको कुरा अपाङ्गता अधिकारकर्मीले उठाएका थिए । एक अध्ययन अनुसार ५० प्रतिशत भन्दा बढी अपाङ्गता भएका किशोरीहरू अझैपनि आवश्यकता अनुसारको गर्भ निरोधक साधन पहुँच भन्दा बाहिर रहेको देखिएको छ ।

कार्यक्रममा अपाङ्गता भएका महिलाको सहमतिविना अभिभावकले परिवार नियोजनका साधनहरू लगाइदिने गरेको बताइएको थियो ।



पुनरावलोकन गरेको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार ऐन तीन महले राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्षलाई हस्तान्तरण गर्दै

यसैबीच संघले पुनरावलोकन गरेको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार ऐन तीन महले राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरुलाई बुझाएको छ ।

अपाङ्गता भएका महिलाको दृष्टिकोणबाट पुनरावलोकन गरिएको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार ऐनको तीन महले शुक्रवार २०८१ असार २१ गते राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनलगायत सांसदहरूलाई संसदीय दलको कार्यालय सिंह दरवारमा भेटेर बुझाएको हो । यसक्रममा अध्यक्ष लिङ्देनले यस ऐन संसदमा आएपछि संसोधन हाल्ने प्रतिवद्धता जनाउनुभयो । उहाँले दफावार छलफलका क्रममा सवैको एकमत भएमा यहाँ आएका सुझावलाई समावेश गर्न सकिने उहाँको भनाइ थियो ।

## लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यशाला सम्पन्न



समावेशी लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यशालामा सहभागी

नेपाल अपाङ्ग महिला संघले भदौ ५ गते काठमाडौंमा अपाङ्गता भएका महिला तथा बालिकामाथि हुने हिंसा अन्त्यका लागि समावेशी लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यशालाको आयोजना गर्‍यो ।

सीवीएम ग्लोवल नेपालको सहकार्यमा भएको कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुद्वारा संचालित संघसंस्थामा नेतृत्वकर्ता र प्रतिनिधि गरी ३९ जनाको सहभागिता थियो । कार्यक्रममा सहभागीले अपाङ्गता भएका महिलामाथि बहुहिंसा भइरहेको बताए । प्रमाण अभावका कारण कतिपय अपाङ्गता भएका महिलाले न्याय पाउन नसकेको र कतिपयलाई आफूमाथि हिंसा भइरहेको जानकारी नै नभएको सहभागीले बताए

भक्तपुरकी एक सहभागीले बौद्धिक अपाङ्गता भएकी २१ वर्षिया महिलामाथि छिमेकी पुरुषले गरेको शोषण र पीडकलाई बचाउन गरिएका गतिविधिका बारेमा अनुभव शेयर गरेकी थिइन् । सुनाइ सम्बन्धी अपाङ्गता भएका महिलाहरु पनि धेरै हिंसामा परेको र संचार अवरोधका कारण न्याय पाउन नसकिरहेको कुरा सहभागीहरुले उठाएका थिए । लैंगिक हिंसा सम्बोधन गर्ने निकाय, यसले प्रदान गर्ने सेवाहरु अपाङ्गता अनुकूल नभएको र कर्मचारीहरु अपाङ्गता सम्बेदनशील नभएकाले सवै OPD मिलेर यसमा काम गर्न आवश्यक रहेको कुरा कार्यशालाका क्रममा गरिएको समूहकार्यबाट आएको निष्कर्ष थियो ।



उपाध्यक्ष मीना पौडेल प्रस्तुती दिँदै

कार्यशालामा संघका अध्यक्ष टीका दाहालले लैंगिक हिंसा सम्बोधन गर्ने कानुनका बारेमा जानकारी दिनुभएका थियो भने अपाध्यक्ष मीना पौडेलले संघले गरेको अध्ययन प्रतिवेदनका बारेमा प्रस्तुति दिनुभएको थियो । कार्यक्रम संघका महासचिव देब कुमारी पराजुलीले संचालन गर्नुभएको थियो ।

# न्यायमा पहुँच विषयक एसियास्तरीय क्षेत्रीय सम्मेलन



सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधिस कल्याण श्रेष्ठ सम्बोधन गर्दै

अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच विषयक एसियास्तरीय क्षेत्रीय सम्मेलन पहिलो पटक काठमाण्डौंमा सम्पन्न भयो । मे महिनाको ११ र १२ तारिक २०२४ मा सम्पन्न उक्त सम्मेलनमा एसियाका १५ देशका अपाङ्गता अधिकारकर्मी, विषय विज्ञ, सरोकारवाला, युएन वोमेन, युएनसीआरपीडी समिति सदस्य, आइसिजेका अन्तराष्ट्रिय विज्ञ समूहको सहभागिता रहेको थियो । उक्त दुईदिने सम्मेलनको आयोजना International Commission of Jurists (ICJ) Transforming Communities for Inclusion (TCI ), KOSHISH र नेपाल अपाङ्ग महिला संघ NDWA को साझेदारीमा भएको थियो ।

उक्त सम्मेलनको उदघाटन प्रमुख अतिथि सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधिस कल्याण श्रेष्ठले गर्नुभएको थियो । उक्त अवसरमा स्वागत स्वरूप चार प्रकारका अपाङ्गता भएका महिला कलाकारले समावेशी नृत्य प्रस्तुत गरेका थिए । सम्मेलनमा अधिकारकर्मी, विषय विज्ञ, नागिरक समाज, पत्रकार, अभिभावक तथा सरोकारवालाको सहभागिता रहेको थियो ।



नेपाल अपाङ्ग महिला संघका अध्यक्ष टीका दाहाल सम्मेलनलाई सम्बोधन गर्दै


न्यायमा पहुँच विषयक एसियास्तरीय क्षेत्रीय सम्मेलनमा सहभागी

सम्मेलनमा विभिन्न विषयमा चारवटा विषयगत सत्र गरिएको थियो । यी सत्रमा पूर्व प्रधानन्यायधिस, पूर्व महान्यायधिवक्ता हरि फुयाँललगायत अन्य अधिवक्ताहरुले न्यायको क्षेत्रमा आफूहरूले गरेका समावेशी र उत्कृष्ट निर्णयका बारेमा अनुभव प्रस्तुत गरेका थिए ।




क्षेत्रीय सम्मेलनको प्यानल छलफल चलाउँदै उपाध्यक्ष पौडेल

सम्मेलनमा नेपालका प्रदेश तथा राष्ट्रियस्तरका अपाङ्गता अधिकारकर्मी र अन्तर्राष्ट्रिय गरी ७० जनाको सहभागिता थियो । भारतका पूर्व प्रधानन्याधिस इन्दीरा बेनर्जी, श्रीलंकाका सर्वोच्च अदालतका न्यायधिस श्री मुर्दु निरुपा विदुसिनि फर्नाण्डो, सर्वोच्च अदालत, थाइल्याण्डका श्री थान्यानुच तान्तिकुल- राष्ट्रपतिको कार्यालयका न्यायाधीशलगायतले आफ्नो देश र क्षेत्रमा अपाङ्गता भएका व्यक्तिका लागि गरेका निर्णय र प्रक्रियामा गरेका राम्रो काम र चुनौतीका अनुभवहरु साझा गर्नुभएको थियो । सम्मेलनले न्यायमा पहुँचका लागि गर्नुपर्ने कार्यहरूसहितका बुँदा समेटेर घोषणापत्र जारी गरिएको थियो ।

# तारकेश्वर नगरपालिका वडा दुईमा कानुनी सचेतना कार्यक्रम




तारकेश्वर नगरपालिकामा आयोजित कानुनी सचेतना कार्यक्रममा आफ्नो भनाइ राख्दै सुनाइ सम्बन्धी अपाङ्गता भएका एक युवक

नेपाल अपाङ्ग महिला संघले तारकेश्वर नगरपालिका वडा नम्बर २ मा २०८१ असार ३ गते अपाङ्गता भएका महिलाका लागि कानुनी सचेतना कार्यक्रम आयोजना गर्‍यो । तारकेश्वर नगरपालिका वडा २ को सहयोगमा संघले आयोजना गरेको उक्त कार्यक्रममा ५० जना अपाङ्गता भएका व्यक्ति स्वास्थ्य स्वयंसेविका वडाका जनप्रतिनिधिको सहभागिता थियो ।

उक्त कार्यक्रममा बोल्दै वडा नम्बर दुईका अध्यक्ष राधाकृष्ण श्रेष्ठले वडामा रहेका अपाङ्गता भएका व्यक्ति र सेवा प्रदायकहरूले अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि विद्यमान सेवा सुविधा कानुनी व्यवस्थाका बारेमा थाहा पाउनुपर्छ भनेर संघसँग मिलेर उक्त कार्यक्रम गरेको बताउनुभयो ।

उहाँले आफ्नो वडामा बनेको विद्यालय पहुँचयुक्त बनाएको र बन्दै गरेको शौचालय पनि पहुँचयुक्त बनाउने जानकारी दिनुभयो । अपाङ्गता भएका व्यक्तिहरुलाई दया भन्दा पनि अवशर चाहिएको भन्दै आफुले उनीहरूको योग्यता र क्षमताका आधारमा उक्त अवशरहरू सिर्जनामा पहल गर्ने प्रतिवद्धता जनाउनुभयो ।
कार्यक्रममा सहभागी अपाङ्गता भएका व्यक्तिहरूले आफुहरूले आफ्नो अपाङ्गताका आधारमा भोगीरहेको अवरोधका बारेमा अनुभव सुनाएका थिए ।



कानुनी सचेतना कार्यक्रममा सहभागी

कार्यक्रममा नेपाल अपाङ्ग महिला संघका अध्यक्ष टीका दाहालले अपाङ्गताका लागि विद्यमान कानुनका बारेमा र महासचिव देव कुमारी पराजुलीले अपाङ्गताका प्रकार र उनीहरूले पाउने सेवासुविधाका बारेमा प्रस्तुती दिनुभएको थियो ।

# शिक्षामा नागरिक समाजको सहभागिता

शिक्षाका लागि राष्ट्रय अभियान नेपाल *National Campaign for Education (NCE)* ले ग्लोबल एक्सन नेपाल *(GAN)* र नेपाल अपाङ्ग महिला संघ *(NDWA)* सँगको साझेदारीमा शिक्षामा नागरिक समाजको सहभागिता *(Civil Society Participation in Education)* नामक परियोजना कार्यान्वयन गरिरहेको छ। उक्त परियोजनामार्फत नागरिक समाज संगठन *(CSOs)* ले शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व प्रवर्द्धन गर्दै शिक्षा क्षेत्रमा आफ्नो संलग्नता र योगदान बढाउन केन्द्रित गर्नेछ ।



*NCE, GAN* र *NDWA* का प्रतिनिधि शिक्षामा नागरिक समाजको सहभागिताका विषयमा *CEHRD* का शाखा अधिकृत दिपक माझीसँग छलफल गर्दै

सांसदहरू, राजनीतिक दलहरू, शिक्षा क्षेत्रका विशेषज्ञहरू र व्यवसायीहरूसँग सहकार्य संलग्नतामार्फत यस परियोजनाले शिक्षामा लैङ्गिक समानता र समावेशीकरणलाई प्राथमिकतामा राखी सबै तहमा नीति, योजना र कार्यक्रममा प्रतिविम्वित गर्ने लक्ष्य राखेको छ। समावेशी र लैङ्गिक उत्तरदायी शिक्षा प्रणाली सुनिश्चित गर्न र कुनैपनि बालबालिका शिक्षाको अधिकारबाट वञ्चित नहुन भन्ने उद्देश्यसहित उनीहरूको सक्रिय सहभागिता र नेतृत्वको सुनिश्चित गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको छ।

उक्त परियोजना दुई प्रदेशका छ वटा जिल्लामा कार्यान्वयन भइरहेको छ । मधेस प्रदेशका सिराहा, धनुषा, रौतहट गरी तीन र कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालिकोट गरी छ वटा जिल्लाका १२ वटा पालिका र सङ्घीय तहमा वकालत / पैरवी गरी काम गर्नेछ ।

यही परियोजना अन्तर्गत १४ असोज २०८१(३० सेप्टेम्बर २०२४) मा मधेश प्रदेशअन्तरगत रौतहटको चन्द्रनिगाहपुरमा विद्यालय शिक्षा क्षेत्र योजना *(SESP)* स्थानीयकरण सम्बन्धी कार्यशाला गोष्ठीको आयोजना गरियो ।



रौतहटमा आयोजित कार्यशालामा सहभागीहरु समूहमा छलफल गर्दै

यस कार्यशालामा शिक्षा क्षेत्रमा रहेका विभिन्न चुनौतीहरु र तिनका समाधानमा नागरिक समाजको भूमिका माथि विशेष छलफल गरिएको छ ।

कार्यशालामा विद्यालय शिक्षा क्षेत्रमा नागरिक समाजले खेपिरहेका प्रमुख चुनौतीहरुमा बजेटको अभाव, नीति निर्माण र कार्यान्वयनमा समस्याहरू, भौतिक पूर्वाधारको अभाव, शिक्षकको कमी, अभिभावक–शिक्षक समन्वयको अभाव, र बालमैत्री शिक्षा प्रणालीको अपर्याप्तता जस्ता विषयहरू उठान गरियो । यस्तै, अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा पहुँच अभाव र स्कूलस्तरमा विशेष कक्षाको अभावले अपाङ्गता भएका बालबालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित रहेको कार्यक्रममा सहभागीले बताएका थिए ।

नागरिक समाजका प्रतिनिधिहरूले शिक्षा क्षेत्रमा उत्पन्न यी चुनौतीहरूको समाधानका लागि जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, स्थानीय सरकारसँग सहकार्य गर्दै बजेट सुनिश्चित गर्ने, शिक्षक दरबन्दी पूर्ति गर्ने, र अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गरी विशेष कक्षा सञ्चालनको आवश्यकता रहेको बताए ।

# समावेशी शिक्षा कार्यान्वयन गर्न नागरिक समाज अग्रसर



परियोजनाको उद्देश्यका बारेमा अभिमुखीकरणमा संघका कर्मचारी र पदाधिकारी

नेपाल सरकारद्वारा सबै रबालबालिकाका लागि निःशुल्क शिक्षा सुनिश्चित गर्ने भनिएता पनि अझै पनि धेरै बालबालिका विशेष गरी अपाङ्गता भएका र विद्यालय बाहिर रहेका बालबालिकालाई हाल पनि शिक्षाको अधिकार पाउनबाट वञ्चित भईरहेका छन् ।

यसै समस्यालाई समाधान गर्ने हेतुले नेपाल सरकारले शिक्षामा पहुँच, समानता र गुणस्तर सुधार गर्न २०७९ मा १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ल्याएको थियो ।

यद्यपी, स्थानीय सरकारहरूले यस योजनालाई प्राथमिकतमा राख्दै प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन गरेको देखिदैंन ।

नेपाल सरकारद्धारा सबै बालबालिकाका लागि निःशुल्क शिक्षा सुनिश्चित गर्ने भनिएता पनि अझै पनि धेरै बालबालिका विशेष गरी अपाङ्गतालगायत अन्य सिमान्तकृत समुदायका  विद्यालय बाहिर रहेका बालबालिकालाई हाल पनि शिक्षाको अधिकार पाउनबाट वञ्चित भईरहेका छन् । यसै समस्यालाई समाधान गर्ने हेतुले नेपाल सरकारले शिक्षामा पहुँच, समानता र गुणस्तर सुधार गर्न २०७९ मा विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ल्याएको थियो । यद्यपी, स्थानीय सरकारहरूले यस योजनालाई प्राथमिकतमा राख्दै प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन गरेको देखिदैँन ।

यसै सन्दर्भमा समावेशी शिक्षाको प्रवर्द्धन गर्न,यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय तथा स्थानीय सरकारका प्रयासलाई थप सहयोग गर्नका लागि नागरिक समाजका तर्फबाट पनि महत्वपूर्ण प्रयासहरु भइरहेका छन् । यही प्रयासलाई थप सघाउन पिपुल इन नीडद्वारा शिक्षाका लागि राष्ट्रिय अभियान, नेपाल अपाङ्ग महिला संघ र एकाउन्टेबिलिटी ल्याब नेपालसँगको साझेदारीमा साथै यूरोपियन यूनीयनको आर्थिक सहयोगमा “ACCESS – Accelerating Civil Society’s Role in Securing Education for All” परियोजना सञ्चालन भईरहेको छ ।

यस परियोजनाले समतामूलक शिक्षामा नागरिक समाजको क्षमता अभिवृद्धि गर्दै नागरिक समाजद्वारा मधेस प्रदेश, कर्णाली र सुदूरपश्चिम गरी तीनवटा प्रदेश अन्तर्गत २२ जिल्लाका ६० वटा स्थानीय तहमा सबैका लागि शिक्षा सुनिश्चित गर्न नागरिक समाजको भूमिका बढाइ  सिमान्तकृत बालबालिकाहरुको शिक्षा अधिकार सुनिश्चित गर्ने छ । यस परियोजनाको अवधी मे २०२४ देखि अक्टोबर २०२७ सम्म रहेको छ । यी ३ वटा प्रदेशमा संघले परियोजना कार्यान्वयन सुरु  गरेको छ ।

# दिवसमा सम्पन्न कार्यक्रम रअभियान

## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ८ मार्च




अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस २०८० को अवसरमा नेपाल अपाङ्ग महिला संघ

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस २०८० को अवसरमा नेपाल अपाङ्ग महिला संघले ललितपुर उपमहानगरपालिका र विभिन्न गैरसरकारी संघसंस्थाले आयोजना गरेका छुट्टाछुट्टै  र्‍यालीमा ऐक्यवद्धतासहित सहभागिता जनायो ।

महिलामा लगानी: सभ्य र समुन्नत नेपालको थालनी भन्ने नारासहित र्‍यालीको आयोजना गरिएको थियो । प्लेकार्ड र व्यानरसहित निस्केको र्‍यालीमा  सहभागीले श्रमको सम्मान र पहिचान, समान ज्याला, महिला हिंसाविरुद्ध, महिला अधिकारसम्बन्धी नारा लगाएका थिए । र्‍यालीमा विभिन्न संघसंस्थाका प्रतिनिधि सहभागी थिए ।

# महिला हिंसाविरुद्धको १६ दिने अभियान

नेपाल अपाङ्ग महिला संघले अभियानका ३३ औँ अन्तर्राष्ट्रिय लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानका उपलक्ष्यमा विविध कार्यक्रमको संयोजन र सहभागिता गरेर मनायो ।

हामी सबैको प्रतिवद्धताःलैंगिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराका साथ लैंगिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवस २५ नोभेम्वरमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आयोजनामा गरेको ३३ औँ अन्तर्राष्ट्रिय लैंगिक हिंसा विरुद्धको सचेतना र्‍यालीमा संघको सक्रिय सहभागिता रह्यो ।




महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवल किशोर साह र राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली र्यालीको नेतृत्व गर्दै

उक्त र्‍यालीमा नेपाल अपाङ्ग महिला संघलगायत २० भन्दा धेरै संघसंस्थाको सहभागिता थियो । माइतीघरदेखि सुरु भएको र्‍याली भृकुटीमण्डपमा गएर सभामा परिणत भएको थियो । र्‍यालीमा नेपालको संविधान २०७२ र संविधानको धारा ३८ को महिलाको हक कार्यान्वयन गर्नुपर्ने, राज्यले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धता तथा कानूनको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेबारे ध्यानाकर्षण गराइएको थियो




लैंगिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसमा निस्केको र्यालीमा सहभागिता

साथै श्रमको सम्मान, हिंसा प्रभावित महिलाको न्यायमा पहुँच बढाउन व्यवस्था गरिएका सबै निकाय र संयन्त्रको प्रभावकारी, पहुँचयुक्त गुणस्तरीय र लैंगिकउत्तरदायी सेवा प्रवाहको सुनिश्चितता, सबै प्रकारका भेदभावपूर्ण नीति, अभ्यास र मूल्यमान्यता तत्काल खारेज तथा सामाजिक रूपान्तरणका लागि समुदायिक तहदेखि राष्ट्रिय तहसम्म अभियान सञ्चालन गर्नुपर्नेलगायत नारा लगाएका थिए ।

# अनुपम यात्रा




१६ दिने अभियान का अवशरमा अपाङ्गता अधिकारकर्मीको नेतृत्वमा गरिएको अनुपम यात्रा

यसैगरी नेपाल अपाङ्ग महिला संघले लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान कै अवशरमा नेपाल अपाङ्ग महिला संघलगायत अपाङ्गता अधिकारकर्मीको नेतृत्वमा नोभेम्बर २९ तारिकका दिन लैङ्गिक हिंसाविरुद्ध अनुपम यात्राको आयोजना गरियो । विहान भृकुटीमण्डपबाट सुरु भएको यात्रा प्रदर्शनीमार्ग, पुतलीसडक, बागबजार, रत्नपार्क हुँदै पुन भृकुटीमण्डप पुगेर कार्यक्रममा परिणत भएको थियो । कार्यक्रममा अपाङ्गता भएका महिला र बालबालिकाले नृत्य प्रस्तुत गरेका थिए ।



१६ दिने अभियान का अवशरमा अपाङ्गता अधिकारकर्मीको नेतृत्वमा गरिएको अनुपम यात्रा

यात्रामा सहभागीहरुले लैङ्गिक हिंसा विरोधी र राजनीतिमा महिला समान सहभागिताका नारा लगाएका थिए । यात्रामा अपाङ्गता भएका महिला अपाङ्गता अधिकारमा काम गर्ने संस्थाका प्रतिनिधिहरु लैंगिक तथा अल्पसंख्यक समुदायका प्रतिनिधि गरी १ सय ५० भन्दा बढीको सहभागिता थियो ।

यात्राको संयोजन नेपाल अपाङ्ग महिला संघलगायत अपाङ्गता अधिकारको क्षेत्रमा कार्यरत डाउन सिण्ड्रोम समाज नेपाल, एक्सेस प्लानेट, राष्ट्रिय अपाङ्ग महिला समाज, नेपाल ब्लाइण्ड रक, प्रयत्न नेपालले गरेका थिए ।



नृत्य प्रस्तुत गर्दै संघका सदस्य रश्मी अमात्य र सरिता थुलुङ



नृत्य प्रस्तुत गर्दै डाउनसिण्ड्रोम भएका बालबालिका

# अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस

'समावेशी तथा दिगो भविष्यको पूर्वाधार अपाङ्गता भएका व्यक्तिहरुको प्रवल नेतृत्व यसको आधार' भन्ने राष्ट्रिय नाराका साथ अपाङ्गता भएका व्यक्तिहरूको ३३ औँ अन्तर्राष्ट्रिय दिवस डिसेम्बर ३, २०२४ मा मनाइयो।




अपाङ्गता भएका व्यक्तिहरूको ३३ औँ अन्तर्राष्ट्रिय दिवस डिसेम्बर ३ को प्रभातफेरीमा अपाङ्गता अधिकारकर्मीहरु

यसक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आयोजना र राष्ट्रिय अपाङ्ग महासंघ नेपालको समन्वयमा मन्त्री नवल किशोर साहको नेतृत्वमा रत्नपार्कस्थित शान्तिबाटिकाबाट प्रभातफेरीको आयोजना गरियो । र्‍याली भृकुटीमण्डपमा पुगेर सभामा परिणत भएको थियो । र्‍यालीमा नेपाल अपाङ्ग महिला संघलगायत अपाङ्गता अधिकारमा काम गर्ने संघ संस्था र सरकारी निकायका अधिकारिको सहभागिता थियो ।

यसै अवशरमा तारकेश्वर नगरपालिकाले पनि अपाङ्गता भएका व्यक्तिहरूको ३३ औँ अन्तर्राष्ट्रिय दिवसका अवशरमा र्‍याली निकालेको थियो । र्‍याली तारकेश्वर नगरपालिकाका विभिन्न वडा परिक्रमा गरेर नगरपालिका कार्यालयमा पुगेर सकिएको थियो ।

उक्त र्‍यालीमा तारकेश्वर नगरपालिकाका प्रमुख, उप प्रमुखलगायत वडा जनप्रनिधि, स्थानीय अपाङ्गता अधिकारमा काम गर्ने व्यक्ति र संस्था विद्यार्थी र अन्य नागरिक समाजका प्रतिनिधिको सहभागिता थियो ।



तारकेश्वर नगरपालिकामा र्यालीमा सहभागी




तारकेश्वर नगरपालिकाका प्रमुख र उपप्रमुख र्यालीमा

नेपाल अपाङ्ग महिला संघले  तारकेश्वर नगरपालिका र बुढानीलकण्ठ नगरपालिकामा महिला हिंसाविरुद्धको कार्यक्रम Action For Justice (A4J) संचालन गरिरहेको छ । साथै संघले बुढानीलकण्ठ नगरपालिकाका वटा विद्यालयमा महिला हिंसाविरुद्ध कविता प्रतियोगिताको आयोजना गर्‍यो ।

## जानकारीमूलक फ्लेक्स प्रकाशन

१६ दिने अभियानकै अवशरमा नेपाल अपाङ्ग महिला संघले सिविएम ग्लोवलको सहकार्य र तारकेश्वर नगरपालिकाको साझेदारीमा लैंगिक हिंसा प्रभावितहरूलाई सेवा दिने संयन्त्र र यीनका सम्पर्कसहितको जानकारीमूलक फ्लेक्स प्रकाशन गरी

वितरण गरेको । फ्लेक्समा गुनासो तथा उजुरी सुनुवाइ, कानुनी सहायता, उद्दार तथा राहत, आवास सहयोग र एकद्वार संकट व्यवस्थापन केन्द्रका बारेमा जानकारीहरू राखिएको छ ।



तारकेश्वर नगरपालिकाका उपप्रमुख सिर्जना बुर्लाकोटीलाई  फ्लेक्स हस्तान्तरण गर्दै सामुदायिक अभियानकर्ता प्रमिला श्रेष्ठ

## पहुँचयुक्त ढाँचामा सूचना, संचार र प्रकाशनहरू

नेपाल अपाङ्ग महिला संघले सूचना तथा संचारमा पहुँचयुक्तताका लागि पनि निरन्तर आवाज उठाउँदै आएको छ । पहुँचयुक्त भौतिक संरचनामात्रै नभएर  सूचना सम्प्रेषण पनि पहुँचयुक्त हुनुपर्ने कुरा विभिन्न कार्यक्रम र अभियानका क्रममा उठाउँदै आएको छ भने  संस्थाले आफुले प्रकाशन गर्ने सूचनामूलक सामग्रीहरु पनि पहुँचयुक्त ढाँचामा प्रकाशन र प्रशारण गर्दै आएको छ ।

यो वर्ष संस्थाले प्रकाशन गरेका इ-बुलेटिन, जानकारीपत्र, वार्षिक बुलेटिनहरु पहुँचयुक्त ढाँचामा आफ्नो वेवसाइटमा प्रकाशन गर्दै आएको छ । संस्थाले आफूले गरेका सम्पूर्ण गतिविधिहरुको डिजिटल दस्तावेजीकरणलाई निरन्तरता दिएको छ ।

## संघसंस्था, सञ्जालमा आवद्धता, सहभागिता र सहकार्य

नेपाल अपाङ्ग महिला संघ महिलाहरुको अन्तर्राष्ट्रिय सञ्जाल The Association for Women's Rights in Development (AWID) को सदस्य भएको छ ।  उक्त सञ्जालले विश्वव्यापी रुपमा महिला आन्दोलन, लैंगिक न्याय र यसका रक्षकहरुको शसक्तिकरण गर्दै आएको छ । उक्त सञ्जालमा १८० देशका ६ हजार भन्दा धेरै सदस्य रहेका छन् ।

यसैगरी संघको नागरिक समाजका विभिन्न राष्ट्रिय सञ्जालहरुमा पनि आवद्ध छ । ती सञ्जालले गर्ने हरेक गतिविधिमा संघका पदाधिकारीहरुको सक्रिय सहभागिता रहँदै आएको छ । यसैगरी नेपाल अपाङ्ग महिला संघ महिला सम्बन्धी विभिन्न राष्ट्रिय सञ्जालहरुमा पनि आवद्ध भइ यी सञ्जालका गतिविधिमा सक्रिय सहभागिता जनाउदै आएको छ ।

## वातावरणमैत्री अभियान



पिपुल इन निड (PIN)सँगको सहकार्य Greening Our Operation परियोजना अन्तर्गत कार्यालयलाई  वातावरणमैत्री बनाउने अभियान नेपाल अपाङ्ग महिला संघ । वातावरणमैत्री सामग्री प्रयोगका बारेमा जानकारी दिदै संघका लेखा अधिकृत लक्ष्मी पौडेल ।

# जिल्ला तथा प्रदेशस्तरीय गतिविधि

## रुपन्देही



सुझाव सङ्कलन र हस्ताक्षर अभियान

अपाङ्गता महिला संघ रुपन्देहीको संयोजनमा संघीय र प्रादेशिक तहमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ (२०७५ संशोधित) को छलफल, सुझाव सङ्कलन र हस्ताक्षर अभियान गरियो ।
'ऐन संशोधन प्रक्रियामा हामी सबैको अर्थपूर्ण सहभागिता अति सिमान्तकृत तथा न्यून प्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिको सवालहरू अनिवार्य सुनिश्चितता' भन्ने नारासहित गरिएको उक्त अभियानमा नेपाल अपाङ्ग महिला संघका केन्द्रिय सदस्य तथा अपाङ्गता महिला संघ रुपन्देहीका अध्यक्ष कल्पना ढकालको सक्रिय सहभागिता रह्यो ।



सम्मान ग्रहण गर्दै कल्पना ढकाल

हरितालिका तीजको अवसरमा रुपन्देहीको बुटवल उपमहानगरपालिका वडा नं १६ ले अपाङ्गता महिला संघलाई पुरस्कारसहित सम्मान गरेको छ ।
अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चत गर्न राम्रो काम गरेको भन्दै वडा १६ ले संघलाई रुपन्देहीलाई पुरस्कारसहित सम्मान गरेको हो ।
अपाङ्गता महिला संघका अध्यक्ष तथा नेपाल अपाङ्ग महिला संघका केन्द्रिय सदस्य कल्पना ढकालले उक्त पुरस्कार तथा सम्मान ग्रहण गर्नुभएको थियो ।

## सिन्धुली

नेपाल अपाङ्ग महिला संघ सिन्धुलीले सिन्धुली जिल्लाभित्र बन्दै गरेका सरकारी तथा गैरसरकारी संस्थाका भौतिक संरचनाहरू भौतिक संरचना निर्देशिका २०६९ अनुरुप पूर्ण रुपमा अपाङ्गता अनुकूल र पहुँचयुक्त बन्नुपर्ने मागसहित जिल्ला समन्वय समिति सिन्धुलीलाई निरन्तर ध्यानाकर्षण गर्यो। संघको निरन्तर पैरवी र वकालतपछि जिल्ला समन्वय समिति सिन्धुलीले जिल्लाका सम्पूर्ण स्थानीय तहलाई निर्देशिका अनुरुप अव बन्ने भौतिक संरचना पहुँचयुक्त बनाउन यही मंसिर २०८१ मा पत्राचार गरेको छ ।




ध्यानाकर्षण पत्र हस्तान्तरण गर्दै नेपाल अपाङ्ग महिला संघ सिन्धुलीका अध्यक्ष दीपा देवकोटा


# सुरक्षित वास/ पुनर्स्थापना

संस्थाले हिंसा प्रभावित अपाङ्गता भएका महिला/बालिकाहरुको उद्धार, कानुनी सहायता र पुनर्स्थापनाका कार्यलाई निरन्तरता दियो । हाल १३ जना अपाङ्गता भएका महिला र बालिकाले संस्थाद्वारा सञ्चालित पुनर्स्थापना गृहमा सेवा सुविधाहरु पाइरहेका छन् ।

## पुनर्स्थापना गृहबाट पाउने सेवा



# सन् २०२४ जनवरीदेखि डिसेम्बरसम्म नेपाल अपाङ्ग महिला संघले आयोजना गरेका विभिन्न कार्यक्रम र अभियानमा सहभागीहरूको वर्गीकृत तथ्याङ्क



जम्मा ११३६




महिला ७३६



पुरुष ४००



अपाङ्गता भएको ४३०



अपाङ्गता नभएको ७०६

## अपाङ्गताका आधारमा  सहभागिता



शारिरीक अपाङ्गता
१२४



दृष्टिविहिन
३२



सुनाइ सम्बन्धी
२०



बौद्धिक अपाङ्गता
२




अभिभावक
१४



श्रवणदृष्टिविहिन
१



मनोसामाजिक
४




## अन्तर्राष्ट्रिय फोरममा संघको सहभागिता

### दिगो विकास सम्बन्धी आठौं दक्षिण र दक्षिण-पश्चिम एशिया फोरम

भारत सरकारको NITI आयोगको आयोजना र ESCAP को सह-आयोजनामा, संयुक्तराष्ट्र संघका आवाशीय प्रतिनिधि र विकासोन्मुख देशहरूको लागि अनुसन्धान र सूचना प्रणालीको सहयोगमा नयाँ दिल्लीमा दिगो विकास सम्बन्धी आठौं दक्षिण र दक्षिण-पश्चिम एशिया फोरम सम्पन्न भयो।

कार्यक्रममा दक्षिण-पश्चिम एशियाका सात राष्ट्रका सरकारी अधिकारीहरू, नागरिक समाज, बौद्धिक व्यक्तित्वहरू, निजी क्षेत्र, विज्ञहरू र विकास साझेदारहरूको सहभागिता रहेको थियो ।



फोरममा संघका अध्यक्ष टीका दाहाल र परियोजना संयोजक गंगा देवकोटासहित अन्य सहभागी

फोरममा प्रत्येक राष्ट्रले दिगो विकास लक्ष्यहरूको हालसम्मको स्थिति, प्रगति र अब अगाडिको योजनाका बारेमा प्रस्तुती दिएका थिए । नेपालको तर्फबाट राष्ट्रिय योजना आयोगका सहसचिव खोमराज कोइरालाले SDG कार्यान्वयनको स्थिति र प्रतिवेदन, 2030 लक्ष्यहरू र हालसम्मको SDGs प्रगति, केही राम्रा अभ्यासहरू र चुनौतीहरू प्रस्तुत गर्नु भएको थियो ।

यस फोरमले साझा प्राथमिकताहरू, चुनौतीहरू र अवसरहरू पहिचान गर्न, SDGs हासिल गर्न र दक्षिण र दक्षिण-पश्चिम एशियाभरि दिगो विकास लक्ष्यहरू अगाडि बढाउन सामूहिक प्रयासका लागि मद्दत गर्नेछ । उक्त फोरममा नेपाल अपाङ्ग महिला संघका अध्यक्ष टीका दाहाल र परियोजना संयोजक गंगा देवकोटाको सहभागिता थियो ।

## AWID फोरम

नेपाल अपाङ्ग महिला संघका पदाधिकारी र कर्मचारीहरु The Association for Women's Rights in Development (AWID) थाइल्याण्डको राजधानी बैंककमा सम्पन्न १५ औं AWID अन्तर्राष्ट्रिय फोरममा सहभागी भए ।



नेपाल अपाङ्ग महिला संघका पदाधिकारी, कर्मचारी र अन्य अपाङ्गता अधिकारकर्मी AWID अन्तर्राष्ट्रिय फोरममा

डिसेम्बर २-५, २०२४ सम्म बैंकक, थाइल्याण्डमा भएको यस कार्यक्रमले नारीवादी, महिला अधिकार, लैङ्गिक न्याय, लैंगिक तथा यौनिक अल्पसंख्यक र महिलालगायत अन्य आन्दोलनहरूलाई एकसाथ ल्याउन सहयोग पुर्‍यायो । मुख्य नारा "राइजिङ टुगेदर" मा केन्द्रित भइ आयोजना भएको उक्त फोरमले विश्वव्यापी महिला आन्दोलनमा सक्रिय रूपमा संलग्न हुन र यसलाई बलियो बनाउने काममा मद्दत पुर्‍याउने विश्वास लिइएको छ । फोरममा नेपाल अपाङ्ग महिला संघको सहभागिताका लागि साझेदार संस्था वुमनकाइन्डले सहयोग गरेको थियो। फोरमले एक्सपोजर, संजालहरूबीचको सम्पर्क र सबैभन्दा महत्त्वपूर्ण कुरा सिक्न सघायो । फोरममा विभिन्न विषयवस्तुमा आयोजित सत्रहरूमा भाग लिएर विश्वव्यापी आन्दोलनहरूबाट प्राप्त उपलब्धीका बारेमा जानकारी पाउनुका साथै NDWA ले गरिरहेको प्रभावकारी कामहरूका बारेमा जानकारी दिने अवसर समेत पाइयो । नेपालमा अपाङ्गता भएका महिलाको आन्दोलनका विषयमा विचार र अनुभवहरूको आदानप्रदानले लैङ्गिक न्याय र समानतालाई अगाडि बढाउन सहयोग पुगेको छ।

## नागरिक समाजद्वारा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको ध्यानाकर्षण

नेपाल अपाङ्ग महिला संघका पदाधिकारीलगायत नागरिक समाजका प्रतिनिधिले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा शिवराज अधिकारीलाई भेटेर दिगो विकास लक्ष्य र कोही पछाडी नछुट्न भन्ने यसको मुल लक्ष्य प्राप्तिका लागि आवश्यक नीति बनाइ बजेट ल्याउन ध्यानाकर्षण गराएका छन्



राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा शिवराज अधिकारीसँग दिगो विकास राष्ट्रिय सञ्जालका प्रतिनिधि

। दिगो विकास लक्ष्य राष्ट्रिय सञ्जालको पहलमा भएको भेटका अवशरमा उनीहरूले सिमान्तकृत समुदायलाई केन्द्रमा राखेर दिगो विकास लक्ष्य २०३० का लागि समावेशी नीति कार्यक्रम र रणनीति बनाइ प्रभावकारि कार्यान्वयनका लागि आयोगको ध्यानाकर्षण गराएका हुन् ।

## नयाँ साझेदारी

यसैगरी बाग्मती प्रदेशको चितवन जिल्लामा व्यावसायिक कृषिममार्फत अपाङ्गता भएका व्यक्तिको आर्थिक शसक्तिकरणका लागि Financial Autonomy and inclusion of persons with disabilities through Agriculture (FAIDA) परियोजना कार्यान्वयन भइरहेको छ ।
सीवीएम ग्लोबलको नेतृत्वमा नेपाल अपाङ्ग महिला संघ र सप्रोस नेपालले आगामी चार वर्षका लागि उक्त परियोजना संयुक्त रुपमा सञ्चालन गर्नेछन् ।

## संघका उपाध्यक्ष पुरस्कृत

नेपाल अपाङ्ग महिला संघका अपाध्यक्ष तथा संस्थापक मीना पौडेललाई हेमगंगा शारिरीक अपाङ्गता प्रतिभा पुरस्कारबाट पुरस्कृत हुनुभएको छ ।
अपाङ्गता भएका व्यक्तिहरूको ३३ औँ अन्तर्राष्ट्रिय दिवसका अवशरमा राष्ट्रिय अपाङ्ग कोषले अपाङ्गता अधिकारमा पुर्याएको योगदानको कदर गर्दै उक्त पुरस्कारवाट पुरस्कृत गरेको हो ।
कोषले विगत दुई दशक भन्दा लामो समयदेखि सामाजिक रुपान्तरण र अपाङ्गता अधिकार स्थापित गर्न अनवरत लागि परी महत्वपूर्ण योगदान पुर्‍याएबापत कदर गर्दै यो पुरस्कारबाट अपाङ्गता अधिकारकर्मी पौडेललाई पुरस्कृत गरिएको बताएको ।



## महिला मानव अधिकार रक्षक राष्ट्रिय सञ्जालको सदस्यमा संघका महासचिव निर्वाचित



नेपाल अपाङ्ग महिला संघका महासचिव देव कुमारी पराजुली महिला मानव अधिकार रक्षक राष्ट्रिय सञ्जालको १७ अधिवेशनबाट सञ्जालको कार्यसमिति सदस्यमा निर्वाचित हुनुभएको छ ।
अपाङ्गता भएका महिलाहरूको प्रतिनिधित्व गर्दै पराजुली कार्यसमितिमा आउनुभएको हो । सञ्जालको कार्यसमितिको कार्यावधि २ वर्षको रहेको छ ।

# सिकाइहरू

- अपाङ्गता भएका हिंसा प्रभावित महिला र बालिकाहरूको न्यायमा पहुँचका लागि राज्यका संरचना र सेवाहरू अपाङ्गता अनुकूल र पहुँचयुक्त नहुँदा न्यायबाट वञ्चित रहेको हुँदा यसमा सबै सरोकारवालाबीच बलियो समन्वय र सहकार्य आवश्यक,

- अपाङ्गता भएका महिला र बालिकाहरूको परिवार, समाजमा पुनःस्थापनामा निकै चुनौती भएको हुँदा राज्यले विशेष नीति र कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन अत्यावश्यक,

- अपाङ्गता भएका महिलाहरूको राजनीतिकलगायत हरेक क्षेत्र, राज्यका निकाय र संरचनामा अपाङ्गता भएका महिलाको सहभागिताका मुद्दा छुटाइएकाले समावेशीताको मुद्दालाई सामूहिकरुपमा बलियो गरी उठाउन आवश्यक,

- अपाङ्गताभित्रको विविधताको सवाल सम्बोधनका लागि यसक्षेत्रमा कार्यरत संघसंस्था र अन्य सरोकारवालालाई संवेदनशील बनाउन वहस र छलफललाई व्यापक बनाउनुपर्ने ।

- राज्यको पुनर्संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहमा अपाङ्गता भएका महिलाका सवाल र मुद्दाहरुमा नीतिगत

  वकालत वकालत पैरवी निरन्तर गर्नपर्ने

- स्थानीय तहमा निरन्तर वकालत र पैरवी गर्न नीतिपत्र र सञ्जालहरू तयार गरी नेतृत्वको दक्षता अभिवृद्धि र सक्रियता आवश्यकता भएको र यसका लागि जिल्लास्तरमा काम र नेतृत्व गरिरहेका अपाङ्गता भएका महिला र संस्थाले अग्रसरता लिन जरूरी देखिएको

- विपदका समयमा आपत्कालिन सामग्री वितरणमा समानता भन्दा समताको आवश्यकता देखिएकाले सरोकारवालालाई यसबारेमा अझै पैरवी गर्नुपर्ने साथै आपत्कालिन योजना सेफ्टी प्रोटोकल निर्माण गर्नुपर्ने (महामारी तथा अन्य विपद्को अवस्थामा),

- अपाङ्गता भएका महिलाको सुरक्षा र सुरक्षित वातावरण सृजना गर्न निरन्तर सरकारसँग पैरवी तथा वकालत गर्नुपर्ने ।
- जलवायु परिवर्तनका कारण अपाङ्गता भएका महिला र वालिकाहरूलाइ वढी जोखिममा पर्ने भएको हुँदा यसको अध्ययन गर्नुपर्ने र प्रमाणको अधारमा वकालत पैरवी गर्नुपर्ने ।

## सरकारी सहयोग र साझेदारी

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- बागमती प्रदेश
- जिल्ला, प्रदेश र पालिकाहरू

## अन्तर्राष्ट्रिय निकायसँगको साझेदारी

नेपाल अपाङ्ग महिला संघले लामो समयदेखि विभिन्न अन्तर्राष्ट्रिय समुदाय र निकायहरुसँग समन्वय, साझेदारी र सहकार्य गर्दै आइरहेको छ । उक्त कार्यलाई निरन्तरता दिंदै साथै नयाँ सम्भावनाहरुको खोजी गरी निम्न निकाय तथा संस्थासँग साझेदारी र सहकार्यलाई यो वर्ष अगाडी बढाइयो ।

- CBM Global
- Women Kind Worldwide
- UN Trust Fund (UNTF)
- People In Need (PIN)
- National Campaign for Education, Nepal (NCE)

## मानव अधिकार संघ संगठन र संजालहरूसँगको समन्वय/ सहकार्य

- संकल्प महिला सञ्जाल
- महिला गैरसरकारी संस्था महासंघ
- दिगो विकास लक्ष्य राष्ट्रिय सञ्जाल
- आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी सञ्जाल
- अन्तरपुस्ता महिलावादी सञ्जाल
- महिला मानवअधिकार रक्षक राष्ट्रिय सञ्जाल
- परिवार नियोजन संघ (FPAN)
- टेवा
- नेपाल मतदाता अधिकार मंच
- ओरेक
- जुरी नेपाल

## अन्तर्राष्ट्रिय सञ्जालमा आबद्धता

- APWLD
- WHDRPP
- AWID

# तस्वीरमा नेपाल अपाङ्ग महिला संघका अभियान र गतिविधि























ACTION FOR JUSTICE - A4J
“परियोजनाको परिचयात्मक कार्यक्रम”
Kick-Off Meeting
Tarakeshwar Municipality
July 23, 2024
cbm





Central office, Kathmandu
Nepal Disabled Women Association (NDWA)
Kalopul Marga, Kalopul, Kathmandu, Nepal,
Phone: 00977-01- 4535131
Email: info@ndwa.org.np ndwa.2009@gmail.com
Website: www.ndwa.org.np

Provincial Office
Nepal Disabled Women Association (NDWA)
Kanchanpur
Phone:9848715561
Email: anitadhungana.ndwa@gmail.com
Nepal Disabled Women Association (NDWA)
Morang
Phone:9852057011
Email: ndwa.er@gmail.com

GBV Helpline
9801571225